आलिताल गाउँपालिका

स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड : ०९ | संख्या : १ | मिति : २०८२/०८/१६ |

भाग - १

**आलिताल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय**

नेपालको संविधान बमोजिम आलिताल गाउँपालिकाको गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यबिधी सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## करार कर्मचारीलाई स्थानीय तथा महँगी भत्ता प्रदान गर्ने कार्यविधि, २०८२

**प्रस्तावना :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकाको प्रशासनिक, प्राविधिक तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन करार सेवामा कार्यरत कर्मचारीहरूलाई प्रोत्साहन स्वरूप स्थानीय भत्ता तथा महँगी भत्ता सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकाले, नेपालको संविधानको धारा २२६, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी आलिताल गाउँकार्यपालिकाले यो कार्यबिधी बनाएको छ ।

### परिच्छेद –१
### प्रारम्भिक

**प्रस्तावना**

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस कार्यविधिको नाम "करार कर्मचारीलाई स्थानीय तथा महँगी भत्ता प्रदान गर्ने कार्यविधि,२०८२"हुनेछ।

आलिताल गाउँपालिकाको कार्यालय

(२) यो कार्यविधि चालु आर्थिक वर्षको **साउन १ गतेदेखि लागू भएको मानिनेछ।**
(३) यसअघि गाउँकार्यपालिकाबाट भइसकेको निर्णय बमोजिम नाम उल्लेख गरी स्थानीय तथा महँगी भत्ता प्रदान गरिएको अवस्थामा सो निर्णय यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

**२. परिभाषा**

यस कार्यविधिमा, प्रसङ्गले अन्यथा नबुझेमा—

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई जनाउँछ।

(ख) "गाउँपालिका" भन्नाले आलिताल गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, भिमदत्तपूर, डडेल्धुरा, सुदूरपश्चिम प्रदेश सम्झनु पर्छ।

(ग) “कार्यबिधी” भन्नाले आलिताल गाउँकार्यपालिको कार्यपालिका बैठक बाट स्वीकृत भएको “ करार कर्मचारीलाई स्थानीय तथा महँगी भत्ता प्रदान गर्ने कार्यविधि, २०८२" सम्झनु पर्छ।

(घ)"करार कर्मचारी" भन्नाले गाउँपालिकासँग करार सम्झौता गरी सेवा प्रदान गरिरहेका कर्मचारीलाई जनाउँछ।

(ङ) "स्थानीय भत्ता" भन्नाले गाउँपालिकाको भौगोलिक अवस्था, दुर्गमता तथा कार्यस्थलको अवस्थाका आधारमा प्रदान गरिने भत्ता हो।

(च) "महँगी भत्ता" भन्नाले जीवनयापन खर्चमा भएको वृद्धिलाई मध्यनजर गरी प्रदान गरिने भत्ता हो।

**३. भत्ता पाउने कर्मचारी**

(१) आलिताल गाउँपालिकामा करार सेवामा कार्यरत देहाय बमोजिमका सम्पूर्ण कर्मचारीहरू यस कार्यविधि अनुसार स्थानीय तथा महँगी भत्ता पाउन योग्य हुनेछन्ः

(क) आलिताल गाउँपालिकाबाट स्थायी दरबन्दीमा करारमा नियुक्त कर्मचारी,

(ख) PLGSP लगायत विभिन्न दातृ तथा सहयोगी कार्यक्रममार्फत गाउँपालिकामा कार्यरत सूचना प्रविधि अधिकृत,

(ग) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कार्यरत रोजगार संयोजक,

(घ) व्यक्तिगत घटनादर्ता तथा सामाजिक सूरक्षा व्यवस्थापन सूचना प्रणाली (VERSP/MIS) सेवा ईकाइ आलितालमा कार्यरत MIS अपरेटर र फिल्ड सहायक,

आलिताल गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

(ङ) अन्य कुनै पनि कार्यक्रम, परियोजना वा योजनाअन्तर्गत यस गाउँपालिकामा करारमा कार्यरत कर्मचारीहरू।

(२) उपदफा (१) बमोजिम भत्ता पाउने कर्मचारीहरूको नाम, पद, अवधि तथा भत्ता लागू हुने मिति गाउँकार्यपालिकाले निर्णय गरी किटान गरे बमोजिम हुनेछ।

(३) यसअघि गाउँकार्यपालिकाबाट नाम किटान गरी भत्ता प्रदान गर्ने निर्णय भएका कर्मचारीहरू पनि यसै कार्यविधि अन्तर्गत समेटिएको मानिनेछ।

**४. स्थानीय भत्ता सम्बन्धी व्यवस्था**

(१) करार कर्मचारीलाई प्रचलित पदमा कार्यरत स्थायी कर्मचारीहरूले पाए सरहको दरमा, गाउँकार्यपालिकाको निर्णयानुसार स्थानीय भत्ता प्रदान गरिनेछ।

(२) स्थानीय भत्ता दर निर्धारण गर्दा गाउँपालिकाको भौगोलिक अवस्था, दुर्गमता, कार्यस्थल तथा बजेट क्षमतालाई आधार मानिनेछ।

**५. महँगी भत्ता सम्बन्धी व्यवस्था**

(१) करार कर्मचारीलाई नेपाल सरकारले प्रचलित पदमा कार्यरत स्थायी कर्मचारीहरूले पाए सरहको दरमा, गाउँकार्यपालिकाको निर्णयानुसार महँगी भत्ता प्रदान गरिनेछ।

(२) महँगी भत्ता प्रदान गर्दा नेपाल सरकारबाट समय—समयमा निर्धारण भएको दर तथा गाउँपालिकाको बजेट सीमालाई आधार मानिनेछ।

**६. भत्ता नपाउने अवस्था**

(१) बिना जानकारी लगातार १५ दिनभन्दा बढी अनुपस्थित कर्मचारीले सो अवधिको भत्ता पाउने छैन।

(२) करार सम्झौता नवीकरण नभएको अवधिमा भत्ता उपलब्ध हुने छैन।

**७. बजेट व्यवस्था**

(१) यस कार्यविधि बमोजिम प्रदान गरिने स्थानीय तथा महँगी भत्ताको बजेट गाउँसभाबाट स्वीकृत वार्षिक बजेटमा व्यवस्था गरिएको हुनुपर्नेछ।

(२) गाउँसभाको हिउँदे अधिवेशनबाट बजेट संशोधन भई भत्ता प्रदान गर्ने व्यवस्था गरिएको अवस्थामा सो संशोधित बजेटलाई समेत यस कार्यविधि बमोजिम मान्य गरिनेछ।

अलिताल गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय

## ८. निर्णय गर्ने अधिकार

यस कार्यविधि कार्यान्वयन, भत्ता लागू गर्ने कर्मचारीको नाम, पद तथा अवधि तोक्ने, तथा यसअघि भइसकेका निर्णयहरूलाई अनुमोदन गर्ने अधिकार गाउँकार्यपालिकामा निहित रहनेछ।

## ९. बाधा अड्काउ फुकाउने

यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा गाउँकार्यपालिकाले आवश्यक निर्णय गरी फुकाउन सक्नेछ।

## १०. संशोधन

गाउँसभाको स्वीकृतिले यस कार्यविधिमा आवश्यक संशोधन गर्न सकिनेछ।

**आज्ञाले**

लक्ष्मण बहादुर कामी
प्रमुख प्रशासकीय अधिकृत
आलिताल गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
भिमदत्तपूर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश

आलिताल गाउपालिका गाउँकार्यपालिकाको कार्यालय